लेकवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याण, सुर्खेत
कर्णाली प्रदेश नेपाल

Lekbeshi Municipality
Office of the Municipal Executive
Kalayan, Surkhet
Karnali Province, Nepal
2073

## विभिन्न योजनाहरुको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८०/११/१५)

यस कार्यालयको आ.व.०८०/०८१ को स्वीकृत बार्षिक योजनाहरुको खरिद तथा निर्माण कार्य गर्नको लागि सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरुले रितपूर्वकको सिलबन्दी दरभाउपत्र तपसिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मार्फत् पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सिलबन्दी दरभाउपत्र फाराम दस्तुर वापत Prime Commercial Bank, लेकवेशी शाखा, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६१०१००००००४७४००१०६ खातावालाको नाम : Ga.1.1 ANTRICK RAJSWA A/C मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति : २०८०/११/३० गते समय दिनको १२ बजे सम्म सिलबन्दी दरभाउपत्र फाराम download गर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र पेश गर्न चाहने बोलपत्रदाताको सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ।

२. सिलबन्दी दरभाउपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको धरौटी रकम यस कार्यालयको धरौटी हि.नं. ०६१०१००००००४८३००१९८ खातावालाको नाम : Ga.3 DHARAUTI A/C मा जम्मा गरि सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरि ४५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउदाताको प्रत्येक पानामा सही छाप गरि फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का वितरण प्रोपराईटरको नाम, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन २०८०/११/३० गते दिनको १२.०० बजे भित्र विद्युतीय माध्यमबाट (electronically मात्र) दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरु पेश गर्ने अन्तिम दिनको (२०८०/११/३० गते) २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११.०० बजे खोलिने छ।

६. ठेक्का सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

८. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ वा खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

CS CamScanner

## तपसिल

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | जम्मा रकम भ्याट पि.एस.बाहेक | दरभाउ जमानत रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|
| १. | SQ/WORKS/LM/12 /080-081 | वडा नं.७ अन्तर्गतका विभिन्न सडकखण्डहरुको निर्माण कार्य | १३,३७,३७१।९१ | ३८,१०० | १००० |
| २ | SQ/WORKS/LM/13 /080-081 | सरस्वती मावि कल्याणको पूर्वाधार निर्माण कार्य | १२,९५,७४४।९८ | ३७,००० | १००० |
| ३. | SQ/WORKS/LM/14 /080-081 | वडा नं.१ र २ अन्तर्गतका विभिन्न सडकखण्डहरुको निर्माण कार्य(३ वटा) | ६,७८,२४६।४१ | २०,००० | १००० |
| ४. | SQ/WORKS/LM/15 /080-081 | वडा नं २ कार्यालय भवन तला थप | १२,८१,२३६।१९ | ३७,००० | १००० |
| ५ | SQ/WORKS/LM/16 /080-081 | कवर्डहल निर्माण कार्य लेकवेशी ४ | ११,७२,९०५।९५ | ३४,००० | १००० |
| ६ | SQ/WORKS/LM/17 /080-081 | जनज्योति आधारभूत विद्यालयको भवन निर्माण कार्य | ८,८०,८९४।३१ | २५,००० | १००० |
| ७ | SQ/WORKS/LM/18 /080-081 | पुनटोल देखि सिर्लिङ्ग घारी सम्म आउने सिचाई कुलो निर्माण तथा पाईप खरिद | ४,२३,२२९।२५ | १२,००० | १००० |
| ८ | SQ/WORKS/LM/19 /080-081 | खाडदेवी मा. वि. चौरासेमा सौचालय निर्माण कार्य | १४,८४,५८०।१३ | ४२,५०० | १००० |
| ९ | SQ/WORKS/LM/20 /080-081 | जिवनज्योती मा.वि. अधुरो भवन फिनिसिङ्ग कार्य (Admin block-ground floor) | ९,८४,७१७।०० | २८,००० | १००० |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner